# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०१।३१ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

बादी नेपाल सरकार प्रतिवादी पचरौता नगरपालिका, बारामा कार्यरत इन्जिनियर राम प्रकाश सतरा भएको नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, भवानीपुर बाराको कम्पाउण्डवाल निर्माणको कागजमा सही गर्नको लागि निजले रु. १५,०००।— (पन्ध्र हजार) घुस/रिसवत लिई भ्रष्टाचार गरेको कसुरमा मिति २०७६।०४।१५ गते श्री विशेष अदालत, काठमाडौंमा दायर भएको भ्रष्टाचार मुद्दाका सम्बन्धमा पचरौता नगरपालिका वडा नम्बर ०७ मा रहेको राष्ट्रिय प्राथमिक विद्यालय भवानीपुर, बाराको कम्पाउण्डवाल निर्माणको कागजातमा सही गर्न इन्जिनियर राम प्रकाश सतराले घुस/रिसवतवापत रु. १५,०००।— माग गरेकोले उक्त रकम सेवाग्राहीबाट कार्यालय सहयोगी ध्रुव महतो नुनियाले लिई निजले इन्जिनियरलाई दिएको अवस्थामा उक्त रकम सहित इन्जिनियर राम प्रकाश सतरा र निज कार्यालय सहयोगी ध्रुव महतो नुनिया पक्राउ परेकोमा निज ध्रुव महतो नुनियाले भ्रष्टाचारजन्य कसुरमा दोषीलाई कारवाही गराउने कार्यमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अनुसन्धानमा सहयोग पुऱ्याएको आधार कारणबाट निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायको मागदावीमा पूर्णरुपमा छुट दिई सरकारी साक्षीको रुपमा पेश गरिएकोमा मिति २०७६।१०।१५ गते वकपत्र गर्दा मौकाको कागज तथा अनुसन्धानको क्रममा गरेको वयान कागजको व्यहोरासमेतलाई अन्यथा हुने गरी प्रतिकुल वकपत्र गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ को प्रतिबन्धात्मक वाक्यांश र विशेष अदालत ऐन, २०५९ को दफा ९ को प्रावधानबमोजिम निज कार्यालय सहयोगी (करार) ध्रुव महतो नुनियाले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशको आधारमा दफा ३ को उपदफा (१) को कसुर भएको स-प्रमाण पुष्टि हुन आएकोले निज ध्रुव महतो नुनियालाई बिगो रु. १५,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला